# सेन्दाई बहुसांस्कृतिक समाज बुलेटिन

## प्राकृतिक प्रकोप को लागी तयारी गरौं ।



प्राकृतिक प्रकोप कहिले कहाँ आउछ थाहा हुदैन । संक्रामक रोग फैलिरहेको समय भए पनि, ज्यानको जोखिम भएमा भाग्नु पर्दछ । अहिले, प्रकोप आइपरेको समयमा,कहिले कहाँ भागेर आश्रय लिने भन्ने आफैले बिचार गर्नुपर्ने आवस्यकता पर्दछ । यस अंकमा, सुरक्षित स्थानमा आश्रय लिनु अघि विचार पुर्याउनुपर्ने विषयमा कुरा गर्नेछौं । सहयोगी सामग्रीको रुपमा लिनुहोला ।

① प्रकोपको बारेमा जानौं

कस्ता प्रकोपहरु छन बुझी राखौं ।

**भारी बर्षा・टाइफुन (जुन～नोभेम्बर)**



खोला बाढी (खोलाको पानी बस्तीमा पस्ने कुरा) या पहिरोको प्रकोप (भूकम्प या भारी वर्षाको आदिले, पहाडको माटो तथा बालुवा अचानक तिब्र रुपमा खस्ने कुरा) आउने गर्दछ । खोला या पहाडको छेउमा बसोबास गर्ने व्यक्तिहरु आदिले विशेष रुपमा सावधानी अपनाऔं ।

बृस्तित रुपमा, SenTIA को प्रकासन「बाढी तथा पहिरो प्रकोपमा सावधानी अपनाऔं ।」हेर्नुहोला ।

http://int.sentia-sendai.jp/n/life/bousai.html

(स्क्रिनको तल स्क्रोल गरि हेर्नुहोस ।)

उपलब्ध भाषाहरु: जापानिज, अंग्रेजी, चिनियाँ, कोरियन, भियतनामी, नेपाली भाषा

**भारी हिमपात (डिसेम्बर～मार्च)**

हिउँ थुप्रिन गएमा, बस・सबवे・ट्रेन आउन ढिलो हुने तथा रोकिने हुने गर्दछ । त्यसैगरी, सडकमा हिउँ जम्ने कुरा हुने हुनाले, हिड्दा, साइकल तथा गाडी चलाउने समयमा एकदमै सावधानी अपनाउने गरौं ।

**भूकम्प**

ठुलो भूकम्प जाँदा, सुनामी आउने सम्भावना हुन्छ । तुरुन्त भाग्नको लागि, टेलिभिजन या रेडियो आदी बाट जानकारीहरु सङ्कलन गरौं ।

बृस्तित रुपमा, SenTIA को प्रकासन「भूकम्प बाट आफ्नो सुरक्षाका लागि केहि सुझाव」हेर्नुहोला । (URL चांही बायाँ मा भएको र एउटै हो ।)

उपलब्ध भाषाहरु: जापानिज, अंग्रेजी, चिनियाँ, कोरियन, भियतनामी, नेपाली, इन्डोनेसियन, तागालोग, बंगाली, पोर्चुगली, मंगोलियन भाषा

बाकीं अर्को पेजमा क्रमस →

**6 वटा भाषाको सार्वजनिक सम्बन्ध पत्रिका**

नेपाली भाषा बाहेक अन्य, जापानिज／にほんご, अंग्रेजी／English, चिनियाँ／中文, कोरियन／한국어, भियतनामी／Tiếng Việt हरु छन । तपाइले यसलाई होमपेजबाट हेर्न सक्नुहुन्छ । साथै सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रबाट पनि वितरित गरिदै आएकोछ ।

→अघिल्लो पेज बाटको क्रमस हो

② हाजार्ड म्यापको बारेमा बुझेर राख्ने



यसलाई सेन्दाई सिटीको होमपेज बाट हेर्न सकिन्छ ।
भारी बर्षा, भूकम्प, सुनामी आदि आउदाको समयमा भागेर आश्रय लिने स्थान या, बाढी तथा पहिरोको प्रकोप आउन सक्ने सम्भावना भएको स्थान को बारेमा बुझ्न सकिन्छ । घर तथा विद्यालय, कामगर्ने कम्पनि आदि सधैं जाने स्थानको बारेमा पहिले देखिनै बुझी राखौं ।
http://www.city.sendai.jp/anzensuishin/kurashi/anzen/saigaitaisaku/hazardmap.html
（जापानिज भाषामा मात्र）

③ साथीभाइ तथा आफन्तको घरमा भागेर आश्रय लिने
आफु अहिले बसीरहेको स्थानमा खतरा भएको अवस्थामा,सुरक्षित स्थानमा बसोबास गर्ने साथीभाइ तथा आफन्तको घरमा आश्रय लिने कार्य गर्न सकिन्छ । पहिले देखिनै सम्पर्क गरेर कुराकानी गरि राखौं ।

④ आश्रयस्थलमा भागेर आश्रय लिने
साथीभाइ तथा आफन्तको घरमा जान नमिल्ने अवस्थामा, तुरुन्त आश्रयस्थल (प्रार्थमिक, निम्नमाध्यामिक विद्यालय) मा जाऔं । नजिकको आश्रयस्थलको बारेमा「सेन्दाई सिटी आश्रय जानकारी वेबसाइट」बाट बुझ्ने काम गर्न सकिन्छ ।
http://hinan.city.sendai.jp/
उपलब्ध भाषाहरु: जापानीज, अंग्रेजी भाषा

संक्रामक रोग फैलिरहेको समयमा साथमा लाने सामग्री
मास्क, थर्ममिटर, साबुन, सेनेटराइज आदि



सहयोगी सामग्री: सेन्दाई सिटी सूचना पत्रिका「SBL संचार」2020 सेप्टेम्बर अंक, मन्त्रिपरिषद् कार्यालय・अग्नि तथा प्रकोप व्यवस्थापन एजेन्सीको प्रकासन「जानी राख्नुपर्ने ५ वटा महत्वपूर्ण कुराहरु」
http://int.sentia-sendai.jp/blog/saigai/saigai-9417/

■ सुरक्षित स्थानमा भाग्ने वा के गर्ने भन्ने निर्णय गर्ने「चेतावनी लेवल」चाँही नयाँ भएको छ ।
अबबाट,अहिले बसेको स्थान चाँही खतरा भएका व्यक्ति तुरुन्त भाग्न नसक्ने व्यक्ति भएमा 「चेतावनी लेवल 3」को「बृद्द ब्रिद्दा आदि आश्रय लिने」हरुमा भाग्ने । त्यस बाहेकका व्यक्तिहरु पनि 「चेतावनी लेवल 4」को「आश्रय लिन आदेश」सबै जना भाग्ने ।




बृस्तित रुपमा, मन्त्रिपरिषद् कार्यालय・अग्नि तथा प्रकोप व्यवस्थापन एजेन्सीको प्रकासन「नयाँ आश्रयको जानकारी सम्बन्धि पोस्टर・पम्पलेट 」हेर्नुहोला ।
https://qrtranslator.com/0000008033/000002
उपलब्ध भाषा: अंग्रेजी, चिनियाँ (सरलीकृत), चिनियाँ (परम्परागत), कोरियन, स्पेनिस, पोर्चुगली, भियतनामी, थाई, इन्डोनेसियन, तागालोग, नेपाली, खमेर, बर्मेली, मंगोलियन भाषाहरु

■ सेन्दाई सिटी संकट व्यवस्थापन ब्यूरो Twitter,「सरल जापानीज भाषा」र「अंग्रेजी」बाट जानकारी प्रदान गरिन्छ ।
एकाउन्ट नेम: सेन्दाई सिटी संकट व्यवस्थापन ब्यूरो Twitter【बहुभाषीय संस्करण】(仙台市危機管理局 Twitter【多言語版】)
एकाउन्ट ID: @sendai_kiki2
https://twitter.com/sendai_kiki2

■ सेन्दाई सिटि बिपतिय बहुभाषिक सहायता केन्द्र (सञ्चालन: SenTIA)
प्रकोप आइपर्दाको समयमा Twitter या ब्लग आदिको माध्यमबाट प्रकोप सम्बन्धि जानकारी भिभिन्न भाषामा दिने गर्दछौं ।
प्रकोप नभएको समयमा,होमपेज बाट प्रकोपको बेलामा उपयोगी हुने जानकारीहरु दिदै आएका छौं ।
http://int.sentia-sendai.jp/saigai/
उपलब्ध भाषाहरु: जापानिज, अंग्रेजी, चिनियाँ, कोरियन, भियतनामी, नेपाली भाषा

## जानकारी

① 「प्राकृतिक बिपत्तिको समयका भाषा स्वयंसेवक」 को बारेमा

भूकम्प वा बाढीपहिरो, ताइफुन जस्ता ठूलाठूला प्रकोपहरु आएको समयमा, जापानीज भाषा नबुझ्नुहुने व्यक्ति अथवा, जानकारी प्राप्त गर्न नसक्ने व्यक्तिहरुको लागि, 「भाषा」को माध्यमबाट सहयोग गर्ने स्वयंसेवक हो। प्रकोप आएको समयमा, सेन्दाई सिटि को अनुरोध प्राप्त गरि काम गर्ने गर्छौं।

सामान्य कामको गतिविधि चाहिँ, स्थानीय प्रकोप रोकथाम अभ्यासमा भाषा अनुवाद, वा कार्यशाला गोष्ठीमा सहभागी हुनु हो। साथै, प्रकोप आउँदा खेरिको समयमा, सेन्दाई सिटि वा SenTIA बाट पठाउने प्रकोप रोकथाम जानकारीको अनुवाद, बिपत आश्रयस्थलको परिक्रमण गर्ने इत्यादि बिदेशीनागरिकहरुलाई सहयोग गर्दछौं। कामको गतिविधिमा रुचि राख्नुहुनेहरूले, SenTIA मार्फत सम्पर्क गर्नुहोला।

SenTIA अन्तर्राष्ट्रिय सम्बन्ध विभाग
TEL (022) 268-6260
kokusaika@sentia-sendai.jp
http://int.sentia-sendai.jp/j/volunteer/disaster.html

② रेडियो सुन्नुहोस

SenTIAमा, बिभिन्न भाषाहरुमा रेडियो प्रसारण गर्दछ। रेडियोमा, प्रकोप आउँदा खेरिको, जानकारी पनि प्राप्तगर्न सक्नुहुन्छ र यो तपाईलाई उपयोगी पनि हुनेछ। दैनिक रुपमा रेडियो सुन्ने बानी बसालौं।

**एफएम रेडियो कार्यक्रम 「बहुभाषीय प्रसारण स्टेशन」**

चारवटा रेडियो स्टेशनहरूबाट, सरल जापानीज, अंग्रेजी, चाइनीज, कोरियन भाषाहरुमा मौषम(ऋतु) हरुको गफगाफ वा जीवनयापनको जानकारी, SenTIA बाटको सूचनाहरु आदि प्रत्येक महिना बिषयबस्तु परिवर्तन गरि प्रसारण गर्दछ। प्रकोप आउँदा खेरिको समयमा, यो चारवटा रेडियो स्टेशनहरूबाट विदेशी भाषामा जानकारी प्रदान गर्ने गर्दछ।
http://int.sentia-sendai.jp/radio/

यो बाहेक, प्रकोप रोकथामलाई विषयवस्तु बनाई “Global Talk” अन्तर्राष्ट्रिय विद्यार्थीहरूको मातृभूमि वा सेन्दाईको बसोबासको बारेमा कुराकानी गर्ने "अन्तर्राष्ट्रिय विद्यार्थीहरुको कुरा" मा पनि सहयोग गर्ने गर्दछौं।

## परामर्श कर्मी कर्नर「प्राकृतिक प्रकोप तथा प्रकोप रोकथामको बारेमा」

**हरेक अंकमा यस कर्नरको बिषय अनुसार, परामर्शकर्मिको अनुभव वा विचारलाई प्रस्तुत गरिन्छ ।**

म नेपाली नागरिक हुँ र नेपाल बाट जापान आएको १३ वर्ष भयो । यस केन्द्रमा नेपाली भाषा परामर्श कर्मीको रुपमा काम गर्दै आएको छु ।

नेपाल पनि प्राकृतिक प्रकोप धेरै हुने देश भित्र पर्दछ र मुख्य रुपमा, बाढी पहिरोको प्रकोप धेरै आउने गर्दछ। भूकम्पको हिसाबमा मैले जापानमा आएर पहिलोपटक यसको अनुभव गरें । नेपालमा प्राकृतिक प्रकोपको लागिको पूर्व तयारी तथा शिक्षा चाँही अझै जापानसँग दाँज्न मिल्ने स्तरमा हुन सकेको छैन । जापानमा आएर पहिलोपटक प्रकोप रोकथाम सम्बन्धि अभ्यास गर्दा आफु र आफ्नो परिवारको ज्यानको सुरक्षाको लागि अतिनै महत्वपूर्ण कुरा रहेछ भन्ने लाग्यो । पुर्बी जापान महाभूकम्पको बेलामा सेन्दाईमा नै बसोबास गरेको हुनाले पहिले गरेको प्रकोप रोकथाम सम्बन्धि अभ्यासले धेरै सहयोग पुर्यायो । महाभूकम्पको समयमा दुइदिन सम्म आश्रय शिविरमा सपरिवारले आश्रय लियौं । धेरै मान्छे हरु सँगसँगै आश्रय स्थलमा बस्दा एक किसिमको ढुक्क तथा सुरक्षाको महसुस भयो तर प्रकोप को समयमा मात्रै प्रयोग हुने जापानिज भाषा नबुझ्रेर अफ्ठ्यारो पनि भयो । खाना लाइ “गोहान “ को ठाउँमा “थाकीदासी” भन्दा के भनेको बुझ्न सकिएन । त्यस अवस्थामा चिनजानका व्यक्ति तथा स्थानीयवासीको सहायताले अगाडि बढ्न सकियो । आफु पनि शुरुमा जापान आउदा केहि पनि थाहा नभएको अवस्था थियो तर जापानी छरछिमेकी, आफ्नो देशका अग्रजहरु तथा बहु सांस्कृतिक समाज केन्द्र जस्ता बिदेशी नागरिकको लागि कामगर्ने संस्थाहरुबाट दैनिक जीवनयापन तथा प्राकृतिक प्रकोप आदि सम्बन्धि जानकारी लिदैं यहाँ सम्म आउन सकियो भन्ने लाग्दछ ।

त्यसैले प्राकृतिक प्रकोप धेरै हुने जापानमा नयाँ आउनुहुने विदेशीहरुले पनि आजै बाट प्राकृतिक प्रकोप आदि सम्बन्धि जानकारीहरु थाहा पाइ राख्नु अतिनै महत्वपूर्ण हुन्छ जस्तो लाग्दछ ।

(परामर्श कर्मी D)

# सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र

せんだいたぶんかきょうせい

## 仙台多文化共生センター

खुल्ने समय　प्रत्येक दिन बिहान ९ बजे देखि बेलुका ५ बजे (वर्षको अन्त्य र नयाँ वर्षको बिदा, महिनाको १～२ दिनको बन्द दिन बाहेक)

ठेगाना　〒980-0856 सेन्दाई सिटि आओबा कु आओबा यामा सेन्दाई इन्टरनेशनल सेन्टर सम्मेलन भवन पहिलो तला




फोन　(022) 265-2471

फ्याक्स　(022) 265-2472

इमेल　tabunka@sentia-sendai.jp

युआरएल　http://int.sentia-sendai.jp/n/exchange/

■ विदेशी भाषामा दिइने परामर्श

दैनिक जिबनमा आइपर्ने समस्या या कठिनाइहरुको बारेमा विदेशी भाषामा परामर्श लिन सक्नुहुनेछ । 「दोभाषे सहयोग टेलीफोन」(022) 224-1919 मा फोन गर्नुहोला ।

उपलब्ध भाषाहरु： अंग्रेजी, चिनियाँ, कोरियन, भियतनामी, नेपाली, तागालोग, थाई, पोर्चुगली, स्पेनिस, रसियन, इन्डोनेसियन, इटालियन, फ्रेन्च, जर्मनी, मलेसियन, खमेर, बर्मेली, मंगोलियन, सिंहला भाषाहरु

■ त्यस बाहेका सेवाहरु

प्रशिक्षण कक्ष, बालबालिका कक्ष,जानकारी आदानप्रदान बोर्ड, पुस्तक फिर्ता गर्ने गरि लाने सुबिधा पनि दिइरहेका छौं । सामुदायिक गतिविधि या सम्बन्ध आदानप्रदान कार्यक्रमको लागिको जानिकारी तथा ठाँउ पनि उपलब्ध छ ।

## विदेशी नागरिकका लागिको विशेषज्ञिय परामर्श

वकिल या प्रशासनीक लेखनदास लगायतका विशेषज्ञ द्वारा हुने「 विशेषज्ञिय परामर्श बैठक 」नियमित रूपमा संचालित गर्दै आएकाछौं ।

सेन्दाईमा बसोबासको क्रममा कुनैपनि समस्या परेको खण्डमा, कृपया यहाँ सम्पर्क गर्नुहोला ।

गोपनीयताको पालना गर्नेछौ। एकजना लाई 30 मिनेटको समय हुनेछ ।

खुल्ने समय सबै, दिउँसो 1बजे बाट बेलुका 4बजे सम्म हुनेछ ।

परामर्श बैठकको दिनमा होमपेज बाट पुष्टि गर्न सकिनेछ ।

http://int.sentia-sendai.jp/n/exchange/consultation.html



| प्रशासनिक लेखनदास | वकिल | श्रम मन्त्रालय | अध्यागमन बिभाग (इमिग्रेशन) | कर लेखनदास |
|---|---|---|---|---|

सम्पादन・प्रकाशन ： सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसन (SenTIA)अन्तर्राष्ट्रिय सम्बन्ध विभाग

सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र चाँही सेन्दाई सिटिबाट जिम्मेवारी पाएर, (सार्वजनिक हितको) सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसनले यसलाइ संचालन गर्ने गर्दछ ।

सेप्टेम्बर 2021मा प्रकाशित